नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वनस्पति विभाग

# वनस्पति विभागको ६३ औं वार्षिकोत्सव तथा २४ औं वनस्पति दिवस

# प्रेस वक्तव्य

मितिः २०७९/१२/२९

स्थानः वनस्पति विभाग, थापाथली

समयः बिहान ९ बजे।

**" जलवायु परिवर्तन एक चुनौती: समाधानका लागि वनस्पति "** नाराका साथ वनस्पति विभागको ६३ औं वार्षिकोत्सव तथा २४ औं वनस्पति दिवस २०७९ चैत्र २९ गतेका दिन भव्य रुपमा मनाईएको छ।वनस्पति विभागले स्थापना कालदेखि नै वानस्पतिक स्रोतको पहिचान , सदुपयोग एवं प्रविधि विकास गरी आर्थिक रुपमा समृद्ध राष्ट्र निर्माणमा आफुलाई समर्पित गरेको छ। वि.सं. १९९४ सालमा वनस्पति स्रोतको जगेर्ना र प्रयोग गर्ने हेतुले वनस्पति फाँट र वनस्पति गोश्वाेराको रुपमा स्थापना भए पश्चा त वनस्पति विभागले आफ्ना क्रियाकलापहरुलाई निरन्तरता दिंदै आएको छ। विभागका अनुसन्धानात्मक क्रियाकलापहरुबाट देशका विभिन्न भौगोलिक क्षेत्रहरुमा रहेका वानस्पतिक सम्पदाको स्वस्थानीय तथा परस्थानीय संरक्षण, सम्बर्द्धन तथा विकास मार्फत दिगो उपयोग गर्दै राष्ट्रिय विकासमा सहयोग पुर्याउने अभिप्रायले वि.सं. २०१९ सालमा गोदावरीमा वनस्पति उद्यानको स्थापना गरिएको थियो। नेपालमा रहेका वानस्पतिक सम्पदाको विस्तृत सर्वेक्षण, संकलन एवं पहिचान गरी तिनका नमूनाहरु संरक्षित गर्दै नेपाल फ्लोरा प्रकाशनार्थ सन् १९६१ मा राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाको स्थापना भएको थियो। वि.सं. २०२१ सालमा थापाथलीमा औषधी अनुसन्धानशाला स्थापना भई वानस्पतिक सम्पदाको रसायनिक विश्लेतशण एवं परिक्षण गरी आर्थिक महत्व एवं औषधीजन्य वनस्पतिको अधिकतम प्रयोग गर्ने कार्यको संस्थागत व्यवस्था भयो।

ऐतिहासिक पृष्ठमूमि केलाउँदा वि.सं. २०२५ सालमा यस विभागमा जडीबुटी एवं त्यसको सारतत्व प्रयोग गरी औषधी उत्पादन गर्ने उद्देश्यका साथ स्थापित औषधी उत्पादन शाखा नै वि.सं. २०२९ सालमा शाही औषधी लिमिटेड (हाल नेपाल औषधी लिमिटेड) को रुपमा खडा भएको हो। जडीबुटी सम्पदाको विकास गरी सर्वसाधारणको जीवन स्तरमा सुधार ल्याउन वि.सं. २०२९ सालमा सर्वप्रथम धनकुटा र खसडमा जडीबुटी उद्यानहरुको स्थापना गरिएको थियो। विभागबाट जडीबुटीको संरक्षण तथा खेती प्रविधिमा भएको क्रियाकलापको आधारमा वि.सं. २०३७ सालमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको स्थापना भएको हो।

जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने औषधीहरुको गुण नियन्त्रण एवं व्यवस्थापनको लागि २०३६ सालमा औषधी व्यवस्था विभागको स्थापना गरिएको थियो। सो विभागको विश्लेगषण सेवालाई प्रभावकारी बनाउने हेतुले २०५० सालमा वनस्पति विभाग अन्तर्गत रहेको शाही औषधी अनुसन्धानशाला (हाल राष्ट्रिय औषधी प्रयोगशाला) लाई औषधी व्यवस्था विभागको एउटा कार्यालयको रुपमा खडा गरी कार्य संचालन भइ आएको छ। २०१६ साल देखि विभिन्ना आरोह अवरोह पार गर्दै यस विभागले वानस्पतिक

सम्पदाको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको क्षेत्रमा अनवरत रुपमा अध्ययन/अनुसन्धान गरी देशको समग्र उत्थानको लागि सेवा प्रदान गर्दै आइरहेको छ। यसरी यस विभागको अनुसन्धानात्मक क्रियाकलापबाट वानस्पतिक स्रोतको तथ्याङ्क अध्यावधिक, खेती प्रविधि विकास, औषधी विज्ञान र जडीबुटी उत्पादन एवं प्रशोधनमा नेपालले उल्लेखनीय फड्को मारेको देखिन्छ। यसका साथै विभिन्न भागमा वृहत जडीबुटी खेती गर्न जनसाधारणलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु समेत संचालन गरिएका छन्।

**१. उद्देश्या**

- विभाग स्थापना भएको दिनको सम्झना स्वरुप ६३ औं वार्षिकोत्सव तथा २४ औं वनस्पति दिवस चैत्र २९ गते भव्य रुपमा विभिन्नव कार्यक्रम गरी मनाउने।
- वानस्पतिक विविधताको पहिचान, अध्ययन अनुसन्धान, प्रविधि विकासमा उल्लेखनीय योगदान पुर्याउने एवं वनस्पतिको संरक्षण, सम्बर्द्धन एवम् दिगो उपयोग मार्फत देशको सामाजिक, आर्थिक, वातावरणीय विकासमा प्रशंसनीय कार्य गर्ने नेपाली व्यक्तित्वलाई "**राष्ट्रिय वनस्पति पुरस्कार २०७९**"द्वारा सम्मान गर्ने।
- अध्यावधिक गरिएको **Flora of Nepal** को अनलाईन संस्करणको अनावरण।
- विभाग र मातहतका कार्यालयबाट प्रकाशित पुस्तकहरुको विमोचन गर्ने।
- वनस्पति विभागमा लामो समयसम्म सेवा गरी अवकाश हुनुहुने विभाग र मातहतका कार्यालयहरुका राष्ट्रसेवक कर्मचारीहरुको दीर्घ सेवाको कदर गर्दै दीर्घसेवा सम्मानपत्रले र विभाग र अन्तर्गतका कार्यालयहरुमा दत्तचित्त भई उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्नुभएका राष्ट्रसेवक कर्मचारीहरुलाई कदरपत्रले सम्मान गर्ने।

**२. क्रियाकलापहरु**

- विभाग स्थापना भएको सम्झना स्वरुप **६३ औं वार्षिकोत्सव तथा २४ औं वनस्पति दिवस २०७९** को उपलक्ष्यमा प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जय कान्त राउतज्यू रुद्राक्षको बिरुवामा जल सेचन गरी कार्यक्रमको समुद्घानटन गर्नु भएको थियो।
- वनस्पति विभागको स्वर्ण महोत्सव २०६६ को अवसरमा स्थापित राष्ट्रिय वनस्पति पुरस्कारबाट नेपालमा वानस्पतिक स्रोतको अध्ययन , अनुसन्धान तथा प्राध्यापनमा लामो समय समर्पित रही वानस्पतिक स्रोतको संरक्षण तथा विकासमा योगदान दिनु भएका **प्राध्यापक डा. निर्मला प्रधानलाई राष्ट्रिय वनस्पति पुरस्कार २०७९ ले सम्मानित गरियो।**
- यस वर्षको राष्ट्रिय वनस्पति दिवसको नारा " **जलवायु परिवर्तन एक चुनौती : समाधानका लागि वनस्पति**" नामक शिर्षकमा गत वर्ष राष्ट्रिय वनस्पति पुरस्कारबाट सम्मानित व्यक्तित्व प्राध्यापक डा. कृष्ण कुमार श्रेष्ठले विशेष प्रवचन दिनुभएको थियो।
- वनस्पतिहरुको पहिचान, अन्वेषण, विकास, अध्ययन-अनुसन्धान र सदुपयोगको क्षेत्रमा वनस्पति विभागमा लामो अवधिसम्म काम गरी राष्ट्र र जनताको सेवामा समर्पित **राष्ट्रसेवक कर्मचारीहरुलाई दीर्घसेवा सम्मान एवं विभाग र अन्तर्गतका कार्यालयहरुमा दत्तचित्त भई उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्नुभएका कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई कदरपत्र प्रदान** गर्ने काम सम्पन्न भयो। सम्मानित राष्ट्रसेवक कर्मचारीहरु निम्न बमोजिम रहेका छन्ः

**दीर्घसेवा सम्मान पत्रबाट सम्मानित हुनुहुने कर्मचारीहरु निम्न बमोजिम रहेका छन्ः**

१. श्री डिल्ली प्रसाद लम्साल, कार्यालय सहयोगी, वनस्पति विभाग, थापाथली।

**कदरपत्रबाट सम्मानित हुनुहुने कर्मचारीहरु निम्न बमोजिम रहेका छन्:**

१. श्री रमेश बहादुर बस्नेत, वैज्ञानिक अधिकृत, वनस्पति विभाग, थापाथली।
२. श्री मोनिका दाहाल, सहायक योजना अधिकृत, वनस्पति विभाग, थापाथली।
३. श्री महेश प्रसाद भट्ट, सिभिल इन्जिनियर, वनस्पति विभाग, थापाथली।
४. श्री कृष्ण प्रसाद हुमागाईं, सहायक रसायनविद्, वनस्पति विभाग, थापाथली।
५. श्री रोमी महर्जन, असिस्टेन्ट केमिष्ट, वनस्पति विभाग, थापाथली।
६. श्री बल बहादुर बिष्ट, असिस्टेन्ट केमिष्ट, वनस्पति अनुसन्धान केन्द्र, बाँके।
७. श्री लाल बहादुर तामाङ, हलुका सवारी चालक, वनस्पति विभाग, थापाथली।
८. श्री माईली तामाङ, कार्यालय सहयोगी, वनस्पति विभाग, थापाथली।
९. श्री सुरेश भण्डारी, कार्यालय सहयोगी, वनस्पति अनुसन्धान केन्द्र, धनुषा।
१०. श्री रुप बहादुर स्याङ्बो, माली, वनस्पति विभाग, थापाथली।

- नेपालमा प्राकृतिक वासस्थानमा रहेका सम्पूर्ण वानस्पतिक सम्पदाको वैज्ञानिक पद्धतिद्वारा अभिलेखिकरण गरी "बृहत नेपाल फ्लोरा" प्रकाशन गर्ने वनस्पति विभागको मुख्य उद्देश्य रहेकोले सोही उद्देश्यअनुसार फूल फुल्ने वनस्पतिहरुको अभिलेख राख्ने तथा नविनतम् **Classification** तथा **Nomenclature** अनुसार विवरण तयार पारी **"Flora of Nepal "** १० वटा **Volume** मा प्रकाशन गर्ने भनिएकोमा नेपालको जिम्मेवारीमा रहेको फ्लोरा अफ नेपाल **Volume-10 Part I** र **II** मा पर्ने विभिन्न वानस्पतिक परिवारहरुका ६४ वटा प्रजातिको **Manuscript** हरू **www.floraofnepal.org.np** मा **Online** प्रकाशन भईसकेका छन्। यस वनस्पति दिवसको शुभ अवसरमा फ्लोरा अफ नेपाल **Volume-10 (Part I)** मा पर्ने ३ वटा वानस्पतिक परिवारहरू क्रमशः **Acoraceae, Liliaceae** तथा **Potamogetonaceae** मा पर्ने जम्मा ३५ प्रजातिहरू र **Volume-10 (Part II)** मा पर्ने **Orchidaceae** परिवारको ६१ प्रजातिहरु गरी जम्मा ९६ प्रजातिहरुको **manuscript www.floraofnepal.org.np website** मा **upload** भइ अध्यावधिक गरिएको हुँदा सो अध्यावधिक गरिएको अनलाईन संस्करणको अनावरण समारोहका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जय कान्त राउतज्यूले गर्नुभएको थियो।

**Updated Flora of Nepal** को विवरण

- फ्लोरा अफ नेपाल **Volume-10 (Part I)** मा पर्ने ३ वटा परिवार
  १. Acoraceae (१ प्रजाति)- Himanchal Thapa & Mohan Siwakoti
  २. Liliaceae (२३ प्रजातिहरु)- Hum Kala Rana & Suresh K. Ghimire
  ३. Potamogetonaceae (११ प्रजातिहरु)- Ganga Dutta Bhatt, Keshab Raj Rajbhandari & Norbert Holstein गरी (जम्मा ३५ प्रजातिहरु)
- **Volume-10 (Part II)** मा पर्ने **Orchidaceae** परिवारको
  ४. Cymbidium (११ प्रजातिहरु)- Bhakta Bahadur Raskoti

५. Eulophia (१० प्रजातिहरु)- Bhakta Bahadur Raskoti

६. Herminium (२६ प्रजातिहरु)- Bhakta Bahadur Raskoti & Dr. Lokesh Ratna Shakya,

७. Nervilia (६ प्रजातिहरु)- Bhakta Bahadur Raskoti,

८। Brachycorythis (१ प्रजातिहरु), Hemipilia (५ प्रजाति), Pectilis (२ प्रजातिहरु)- LokeshRatnaShakya द्वारा तयार पारिएका ६१ प्रजातिहरु गरी आज **Volume-10 (Part I)** र **Volume-10 (Part II)** को ९६ प्रजातिहरुको floraofnepal.org.np website मा upload हुन गईरहेको सहर्ष जानकारी गर्दछौं।

यसरी **Flora of Nepal Vol. 10** मा रहेको करीब ७०५ प्रजातिहरु मध्ये **Volume-10 (Part I)** मा रहेका ३२० प्रजातिहरु र **Volume-10 (Part II)** मा रहेका ३८५ प्रजातिहरुमध्ये हालसम्म १६० प्रजातिहरुको **Online** प्रकाशन हुदाँ २३ प्रतिशत **Manuscript** तयार भएको छ।

- यस विभागबाट प्रकाशित **Catalogue of Plants of National Botanical Garden, Nepal** नामक पुस्तक वाग्मती प्रदेश सभाका माननीय सदस्य श्री भारती पाठकज्यूबाट र **Proceeding of Biodiversity and Bioprospecting** नामक पुस्तक नेपाल सरकार वन तथा वातावरण मन्त्रालयका श्रीमान् सचिव डा. रेवती रमण पौडेलज्यूबाट विमोचन गर्ने कार्य सम्पन्न भयो।
- **नेपालका वनस्पतिको संख्या एकिन सम्बन्धमा(Fact Sheet 2022)**
  - **Angiosperms -** 5309 species (Rajbhandari *et al*., 2017)
  - **Gymnosperms -** 26 species (Rajbhandari *et al*., 2020)
  - **Endemic species of flowering plants -** 293 (Rajbhandari *et al*., 2021)
  - **Pteridophytes -** 583 species; 3 Endemic species (Fern and Fern Allies of Nepal Volume 1, 2 & 3)
  - **Bryophytes -** 1217 species; 31 Endemic species (Pradhan, N. 2020)
  - **Algae -** 999 species; 29 Endemic species (Rai, S.K. & Ghimire, N. 2020; Dhakal *et al*., 2021)
  - **Fungi-** 2467 species; 131 Endemic species (Adhikari, M. K. 2016)
  - **Lichen-**792 species; 55 Endemic species (Devkota, S., *et al*., 2017;Baniya, C. B., *et al*.,2010)

६. सम्पर्कः

श्री राम सुन्दर साह, वैज्ञानिक अधिकृत, वनस्पति विभाग सम्पर्क फोन नं.: ९८४७०८८६२२

श्री संगीता स्वाँर, योजना अधिकृत, वनस्पति विभाग, सम्पर्क फोन नं.: ९८४१३८०५११
श्री निशान्त श्रेष्ठ, सहायक वैज्ञानिक अधिकृत, वनस्पति विभाग, सम्पर्क फोन नं.: ९८६०७१०६३८
फो.नं. ०१-५३५११६१, ०१-५३६८२४६, फ्याक्स नं. ९७७-१-४२५११४१
ईमेलः Info@dpr.gov.np